

# ६ अब्राहमको सन्तान

*यस अध्यायका मूल पदहरू:* इजकिएल १६:८, व्यवस्था २८:१,१५, यर्मिया ११:८, उत्पत्ति ६:५, यूहन्ना १०:२७,२८, गलाती ३:२६-२९ र रोमी ४:१६,१७।

*यस अध्यायको मूल सार पद:* "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी विषिष्ट जनहरू हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सकोस्" (१ पत्रुस २:९ रूपान्तरित)।

"एउटा सानो गाउँमा एक जना सुनचाँदी बेच्ने ब्यापारी थियो। उसको पसलको झ्यालमा एउटा घडी थियो। एक दिन त्यो घडी पौने नौबजे बन्द भयो। त्यस गाउँका धेरै मानिसहरूसँग घडी नभएकोले तिनीहरूले त्यही पसलको झ्यालमा रहेको घडीमाथि समयको थाहा पाउन भरपर्दथ्यो। त्यस दिन त्यस घडीलाई हेर्दै बेचबिखन गर्ने पुरुष र महिलाहरूले त्यो घडी हेरे र त्यसले पौने नौ बजेकोमात्र देखाएको देखे। स्कूल जाने केटाकेटीहरू पनि त्यस घडी हेरेर स्कूल जान खोज्दा समय बाँकी भएकोले खेल्दै स्कूल जान सकिनेरहेछ भन्ठाने। त्यस दिन धेरै मानिसहरू आफूहरू जहाँ जहाँ जानुपर्थ्यो त्यहाँ त्यहाँ अबेर पुगेको थियो, किनभने सुन चाँदी बेच्ने पसलको घडीले काम गर्न छोडेको तिनीहरूलाई थाहा थिएन।"-सी.एल. पाड्डुक, गड्स मिनेटस्, (नाशभिल, टेनस्सी, साउथरन, १९६५), पृ. २४४बाट रूपान्तरित।

पौराणिक इस्राएलीहरू कसरी असफल भए भनेर माथिको कथाले राम्रोसँग चित्रण गर्दछ। परमेश्वरले इस्राएललाई "जाति वा राष्ट्रहरूको बीचमा राख्नुभएको थियो" (इजकिएल ५:५)। इस्राएल देशलाई सामरिक महत्त्व तीन

महादेशहरू (अफ्रिका, युरोप र एशिया)को केन्द्रबिन्दुमा राखिएको थियो। तिनीहरू सारा संसारको निम्ति आत्मिक "घडी" हुनुपर्थ्यो।

तर सुनचाँदी बेच्ने पसलमा भएको घडीले काम गर्न छोडेको जस्तै इस्राएलीहरूको आत्मिक घडीले काम गर्न छोडेको थियो। तैपनि पूरै इस्राएल देश असफल भयो भन्न मिल्दैन। आज जस्तै त्यस देशमा पनि परमेश्वरका बफादारी थोरै वा बचेखुचेका केही जनहरू थिए। हाम्रो जस्तै प्रत्येक युगमा भएको परमेश्वरका सत्य इस्राएलको परिचय र उसको भूमिका यस अध्यायमा हामी नियाल्नेछौं।

**यस अध्यायको झलकः** परमेश्वरले इस्राएलसँग के करारका प्रतिज्ञा वा कबुलहरू बाँध्नुभएको थियो? ती करारका प्रतिज्ञाहरूसँग के सर्तहरू जोडिएका थिए? त्यस राष्ट्रले परमेश्वरका प्रतिज्ञाहरू बमोजिम कतिको राम्रो गरेर चले त? जब तिनीहरूले परमेश्वरका आदेश वा आज्ञाहरूलाई पन्छाएर चले तब तिनीहरूलाई के भयो?

## १. "पृथ्वीका सबै जातिहरूभन्दा माथि. . ."

**"किनकि परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति तिमीहरू एक पवित्र जाति हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष वा विशिष्ट जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ" (व्यवस्था ७:६ रूपान्तरित)।**

यो कुरामा प्रश्न उठाउनु आवश्यक देखिँदैनः परमेश्वरले हिब्रू वा यहूदी जातिलाई उहाँले बिशेष गरेर चुन्नुभएको थियो। सारा पृथ्वीमा तिनीहरू परमेश्वरको विशेष प्रतिनिधि हुन अलग गरिएको थियो। "विशेष" वा "निजी" भनेर अनुवाद गरिएको हिब्रू भाषाको शब्द सेगुलाह segullah हो। यसको अर्थलाई "बिशेष अमूल्यको सम्पत्ति" वा "विशेष, असाधारण खजाना" भनेर अनुवाद गर्न सकिन्छ। एउटा निर्णायक कुरो हामीले के सम्झनुपर्छ भने इस्राएललाई नै बिशेष गरेर पूरै चुन्ने काम परमेश्वर आफैबाट थालनी भएको थियो। यो परमेश्वरको अनुग्रहलाई व्यक्त गरिएको काम थियो। त्यस अनुग्रहमा समेटिन ती मानिसहरूले कुनै योग्य वा उचित काम वा धर्मकर्म गरेर नै देखाएका थिएनन्। त्यो हुन सक्दैनथ्यो किनकि अनुग्रह भनेको त्यो पाउन अयोग्य वा लायक नभएकाले पाउने हो।

**इजकिएल १६:१-१४ विशेष गरेर ८ पद पढ्नुहोस्। परमेश्वरले इस्राएलीहरूलाई किन चुन्नुभयो भनेर त्यस पदले व्याख्या गर्दछ? हेर्नुहोस्, "१**

परमप्रभुको यो वचन मकहाँ आयोः २ “हे मानिसको छोरो, यरूशलेमलाई त्यसका घिनलाग्दा व्यवहारहरू जनाइदे, ३ र त्यसलाई भन्, ‘यरूशलेमलाई परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः तेरो पुर्ख्यौली र तेरो जन्म कनानीहरूको देशमा भएको हो। तेरो बाबु एक एमोरी थियो, र तेरी आमाचाहिँ हित्तीनी थिई। ४ जन्मँदा कसैले पनि तेरो नाभि काटेन, न त तँलाई सफा गर्नलाई पानीले नुहाइदियो। कसैले तेरो शरीर नूनले दलेन। कसैले तँलाई लुगाले बेह्रेन। ५ यी सबै काम गर्न कसैले तँमाथि टिठ्याएर दया देखाएन। बरु तँ जन्मँदा घृणित वस्तुझैं तँ बाहिर मैदानमा फालिइस्। ६ “ ‘तब म तेरो छेउबाट भएर जाँदा मैले तँलाई तेरो रगतमा लट्पटिरहेको देखें, र रगतमा लट्पटिएकै अवस्थामा मैले तँलाई भनें, “तँ बाँच्।” ७ “मैदानको बोटजस्तै मैले तँलाई बढ्न लगाएँ। अनि तँ बढ़ेर ठूलो भइस्, र सबैभन्दा सुन्दर रत्न भएर तँ तरुणी भइस्। तेरा स्तन पनि बनिए, र तेरो कपाल लामो भयो, तँ, जो अघि नाङ्गै र वस्त्रविहीन थिइस्। ८ “ *‘त्यसपछि म तेरो छेउबाट भएर जाँदा मैले तँलाई प्रेम गर्ने अवस्थामा पुगेकी देखें। तब मैले मेरो वस्त्रको छेउ तँमाथि ओढ़ाएर तेरो नग्नता ढाकिदिएँ। मैले तँसित बाचा बाँधें र करार पनि गरें, र तँ मेरो भइस्, परमप्रभु परमेश्वर भन्नुहुन्छ।* ९ “ ‘मैले तँलाई पानीले नुहाएर तेरो रगत धोइदिएँ, र तँलाई मलहम लगाइदिएँ। १० त्यसपछि तँलाई बुट्टादार वस्त्र पहिराइदिएँ, र तेरो खुट्टामा छालाका जुत्ता लगाइदिएँ। मैले तँलाई मलमलको कपड़ा पहिराइदिएँ, र दामी-दामी लुगाले तँलाई ढाकें। ११ मैले तँलाई गरगहनाले आभूषित गरें, तेरा हातमा चुरा लगाइदिएँ, तेरो गलामा सिक्री पहिराइदिएँ। १२ मैले तेरो नाकमा नत्थ लगाइदिएँ र कानमा लुर्का लगाइदिएँ, तेरो शिरमा सुन्दर शिरपेच लगाइदिएँ। १३ यसरी तँ सुन र चाँदीले आभूषित भइस्, अनि तेरा वस्त्र मलमलको कपड़ा, र दामी बुट्टादार कपड़ाका भए। तेरो खानेकुरो मसिनो पीठो, मह र भद्राक्षको तेल थिए। तँ अत्यन्तै सुन्दरी भएर बढ़िस्, र रानी हुने योग्यकी तँ भइस्। १४ तेरो सौन्दर्यले गर्दा तेरो ख्याति जाति-जातिहरूका बीचमा फैलियो, किनभने मैले तँलाई दिएको गौरवको कारण तेरो सौन्दर्य कलङ्करहित थियो, परमप्रभु परमेश्वर भन्नुहुन्छ।"

"यह्वेले इस्राएललाई किन चुन्नुभयो त? खासमा त्यो रहस्यात्मक नै छ। इस्राएल सानो जातको समूह थियो त्यसको कुनै महान् सभ्यता वा संस्कार थिएन न त कुनै प्रतिष्ठा। उनमा कुनै यस्तो विशिष्ट व्यक्तिगत गुणहरू थिएन जसले गर्दा उनी चुनिन आकर्षित होउन्। उनलाई चुन्ने काम परमेश्वरको एकल काम थियो।...उनलाई किन चुनियो भन्ने मौलिक कारण

परमेश्वरकै प्रेममा लुकिएको छ। तर परमेश्वरले इस्राएललाई प्रेम गर्नुभयो र उनलाई चुन्नुभयो र उनका पूर्खाहरूसँग उहाँले गर्नुभएको प्रतिज्ञालाई सम्मान गर्नुभयो भन्ने तथ्य जारि थियो।...यह्रेले उहाँको आफ्नै प्रेमको गुणले उनलाई चुनिएको थियो। यह्रेले आफ्नो शक्ति देखाउनुभएर उनलाई इजिप्ट वा मिश्र देशबाट स्वतन्त्र पार्नुभएको थियो। यदि उनले यस महान् तथ्यहरूलाई राम्रोसँग बुझ्न सकेको भए उनि परमेश्वरको पवित्र र विशेष सम्पत्ति हुने अवसर भएको महसुस गर्नेछिन्। उनको त्यस्तो आदर्शमय स्तरलाई तल झारेर कुनै पनि विकृतमा झार्नु भनेको उनको निन्दनिय कदमको पराकाष्टालाई देखाउनु हो।"-जे.ए. थम्पसन, डिटिरोनोमी (लण्डनः इन्टरभर्सिटी, १९७४), पृ. १३०,१३१बाट रूपान्तरित।

परमेश्वरको ईश्वरीय योजना अनुसार इस्राएलीहरू दुवै शाही र पुजाहारी जाति हुनुपर्थ्यो। आजको भ्रष्ट, दुष्ट र पापी संसारमा तिनीहरू नैतिक र आत्मिक राजा महाराजा वा शासक भएर पापको क्षेत्रमाथि प्रभुत्व जमाउनुपर्थ्यो। पूजाहारी भएर तिनीहरू प्रार्थना, स्तुति र त्याग गरेर परमेश्वरको नजिक आउनुपर्थ्यो। परमेश्वर र आफूले नै सृष्टि गरेर भगवान भनेर पूजा गर्ने मानिसहरूको मध्यस्थता भएर तिनीहरू शिक्षक, प्रचारक, अगमवक्ता भएर सेवाकार्य गर्नुपर्थ्यो। स्वर्गको सत्य धर्मको व्याख्याकार वा परिभाषा दिनसक्ने भएर तिनीहरू पवित्र, आदर्श र गरिमामय उदाहरणहरू भएर देखाउने सौभाग्य तिनीहरूलाई मिलेको थियो।

**"यस संसारका सबै जातिहरूभन्दा माथि" भन्ने परमेश्वरको मर्मलाई ध्यानपूर्वक हेर्नुहोस्। बाइबलमा जतातनै औंल्याएको नम्रताको गुण र अहङ्कारको खतरालाई ध्यानमा राखेर त्यस मर्मको अर्थ के हो भनेर तपाईंले कसरी बुझ्नुहुन्छ? के कुरामा तिनीहरू सबै मानिसहरूभन्दा माथि हुनुपर्थ्यो? के हामी चर्च भएको हैशियतले त्यो हामीलाई पनि लागु हुन्छ र? यदि हुन्छ भने कसरी?**

## २. जग्गा जमिनको मामिला (उत्पत्ति ३५:१२)

परमेश्वरका जनहरू, इस्राएललाई, कनान भूमि उपलब्ध गराउने प्रतिज्ञा सबभन्दा पहिले अब्राहमलाई दिइएको थियो र त्यसपछि इसहाक र याकूबलाई दोहोऱ्याइएको थियो। जब युशूफ मर्न लागेका थिए तब त्यसबेला पनि त्यो प्रतिज्ञा दोहोऱ्याइएको थियो (उत्पत्ति ५०:५४)। अब्राहमका सन्तानले त्यो भूमि ४०० वर्षपछिमात्र हात पार्नेछ भनेर परमेश्वरले अब्राहमलाई जनाउनुभएको थियो (उत्पत्ति १५:१३,१६)। मोशा र यहोशूका दिनहरूदेखि

त्यो प्रतिज्ञा पूरा हुन गइरहेका थिए। मोशाले परमेश्वरको आदेश यसरी दोहोऱ्याएका थिएः "'हेर, तिम्रो अघि भूमि राखिरहेको छ। जाऊ र त्यसलाई कब्जा गर'" (व्यवस्था १:८ रूपान्तरित)।

व्यवस्था २८:१-१५ पढ्नुहोस्, विशेष गरेर १,१५ हेर्नुहोस्। यहाँ व्यक्त गरेका शब्दहरूले के भन्न खोजिरहेको छ? छोट्करीमा भन्ने हो भने त्यो भूमि इस्राएलीहरूलाई दिने कबूल करारको कबूलको भाग थियो। त्यस करारमा अभिभारा वा जिम्मेवारी पनि गाँसिएको हुन्छ। इस्राएलीहरूको जिम्मेवारी के थियो? हेर्नुहोस्, "१ आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गऱ्यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ। २ परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गऱ्यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्ः ३ तिमीहरूले सहरमा आशिष् पाउनेछौ, र गाउँ-बस्तीमा आशिष् पाउनेछौ। ४ तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका बाछा-बाछीमाथि, भेड़ाबाखाका पाठापाठीमाथि। ५ तिमीहरूको डालो र तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ। ६ भित्र आउँदा र बाहिर जाँदा तिमीहरूले आशिष् पाउनेछौ। ७ तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीमाथि एक बाटो आउनेछन्, तर तिमीबाट सात बाटा भाग्नेछन्। ८ परमप्रभुले तिमीहरूको ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ। ९ परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू मानेर उहाँका मार्गमा हिँड्यौ भने, उहाँले तिमीहरूलाई शपथ खाएर प्रतिज्ञा गर्नुभएझैं तिमीहरूलाई आफ्नो लागि एक पवित्र जाति बनाएर स्थापित गर्नुहुनेछ। १० तब पृथ्वीका समस्त मानिसहरूले तिमीहरू परमप्रभुका नाउँले कहलिएका हौ भनी थाहा पाउनेछन् र तिमीहरूसँग डराउनेछन्। ११ तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले प्रशस्त उन्नति दिनुहुनेछ। १२ परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार उघारेर तिमीहरूको भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ, तर कसैबाट ऋण लिनेछैनौ। १३ मैले आज तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गऱ्यौ

**भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू सधैं टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ। १४ मैले आज तिमीहरूलाई दिएका आदेशहरूमध्ये कुनैबाट दाहिने र देब्रेतिर लागेर अन्य देवताहरूका पछि लागी तिनीहरूको सेवा नगर। १५ तर आज मैले तिमीहरूलाई दिएका परमप्रभु तिमीहरूका परमेश्वरका सबै आज्ञा र विधिहरू होशियारीसाथ मानेर उहाँको वचन पालन गरेनौ भने, यी सबै श्राप तिमीहरूमाथि पर्नेछन् र तिमीहरूलाई उछिन्नेछन्।"**

परमेश्वरका चाहना र आज्ञा अनुसार इस्राएलीहरू चले तिनीहरू कस्ता आशिषहरू पाउनेछन् भन्ने रुपरेखा व्यवस्था २८:१-१५मा उल्लेख गरिएको छ। यदि परमेश्वरको चाहना अनुसार चलेन भने तिनीहरूले कस्ता श्रापहरू पाउनेछन् भनेर त्यही अध्यायको अर्को भागमा लेखिएको छ। ती श्रापहरू परमेश्वर आफैले खन्याउनेमात्र नभएर "प्रायजसो तिनीहरूले स्वइच्छाले आफूहरूलाई पापको दायरामा पार्दा त्यसको नतिजा तिनीहरूले भोग्ने थिए।...'जसले आफ्नो पापमय स्वभावको निम्ति रोप्तछ, त्यसले आफ्नो पापमय स्वभावबाट नै सर्वनाशको कटनी गर्नेछ। तर जसले आत्माको निम्ति रोप्तछ, त्यसले आत्माबाट नै अनन्त जीवनको कटनी गर्नेछ।' (गलाती ६:८)। जसरी आफ्नो सतहमा पानी आउँदैन तबसम्म त्यो पानी बगिरहन्छ, जबसम्म घडीको ब्याटरी सकिन्दैन तबसम्म त्यो घडी  चलिरहन्छ, जसरी आफ्नो फल नफलेसम्म रुख बढ्न रोकिन्दैन, त्यसरी नै पाप आफ्नो सतह खोज्दछ, घडी जस्तै चलिरहन्छ, आफ्नो फल नपाकुञ्जेल फलाउँछ र 'त्यसको सबै अन्त्य मृत्यु हो' (रोमी ६:२१)।"-*पुलपिट कमेन्टरीः डिटिरोनोमी,* एच.डी.एम. स्पेन्स र जोसेफ एस. एक्सेल, सम्पा. (पिबडी, मास्याचुसेट, हेन्ड्रिकसन्, १८९५), ठेली ३, पृ. ४३९बाट रूपान्तरित।

परमेश्वरले इस्राएलीहरूलाई उपलब्ध गराउने भूमिको बारेमा जतिसुकै प्रतिज्ञाहरू गर्नुभएतापनि ती प्रतिज्ञाहरूमा सर्त गाँसिएका थिए। ती सर्तहरू करारको भागमा आएका थिए। आफ्नो तर्फबाट इस्राएलीहरूको पनि अभिभारा पूरा गर्नुपरेको थियो नत्र भने सबै प्रतिज्ञाहरू निकम्मा भएर जाने थियो। यस मामिलामा परमेश्वरले आफ्नो स्पष्ट धारणा एक पल्टमात्र होइन धेरै पल्ट राख्नुभएको थियो। यदि तिनीहरूले परमेश्वरका आज्ञाहरू पालन नगरे तिनीहरू उहाँलाई पन्छाएर आफूखुशी हिंडे तिनीहरूले पाएका भूमि तिनीहरूबाट खोसिने छ भनेर तिनीहरूलाई चेतवनी दिइएको थियो। हेर्नुहोस् लेबी २६:१४-३५ "१४ " 'तर यदि तिमीहरूले मेरा कुरा सुनेनौ, र यी सबै आज्ञा पालन गरेनौ,

१५ र मेरा विधिहरूलाई घृणा गरेर इन्कार गर्‍यौ भने, अनि मेरा सम्पूर्ण आज्ञा नमानेर मेरो करार भङ्ग गर्‍यौ भने, १६ म तिमीहरूका बीचमा आतङ्क फैलाउनेछु, अनि शरीर नष्ट पार्दैजाने, आँखालाई विनाश गर्ने र प्राणलाई शिथिल गराउँदैलाने भयङ्कर रोगहरू पठाउनेछु। तिमीहरूले रोपेका बीउहरू खेर जानेछन्, किनकि तिमीहरूका शत्रुहरूले फसल खाइदिनेछन्। १७ म तिमीहरूको विरोध गर्नेछु, र तिमीहरू शत्रुका हातबाट परास्त हुनेछौ। तिमीहरूलाई हेला गर्नेहरूले तिमीहरूमाथि प्रभुत्व गर्नेछन्, र कसैले नखेदे पनि तिमीहरू भाग्नेछौ। १८ " 'तिमीहरूले अझै पनि मलाई टेरेनौ भने तिमीहरूका पापको सात गुणा बढ़ी सजाय म तिमीहरूलाई दिनेछु। १९ म तिमीहरूको अभिमान र जिद्दी चूर गर्नेछु। तिमीहरूमाथिको आकाश फलामजस्तै र तिमीहरूमुनिको जमिन काँसोझैं म तुल्याउनेछु। २० तिमीहरूको शक्ति खेर जानेछ, किनकि तिमीहरूको जमिनले उब्जनी दिनेछैन, र देशका रूखहरूले फल दिनेछैनन्। २१ " 'तिमीहरू मेरो विरुद्धमा हिँड़ेर मलाई अझै टेरेनौ भने म फेरि तिमीहरूका पाप सुहाउँदो सात गुणा बढ़ी विपत्तिहरू तिमीहरूमाथि ल्याउनेछु। २२ म तिमीहरूका बीचमा जङ्गली जनावरहरू पठाइदिनेछु, जसले तिमीहरूका नानीहरूलाई खाइदिनेछन्, र तिमीहरूका गाईबस्तुहरूलाई नाश गर्नेछन्, अनि तिमीहरूको संख्या यति थोरै बनाउनेछन् कि तिमीहरूका बाटो सूनसान हुनेछन्। २३ " 'यी सब भएर पनि तिमीहरू मतर्फ फर्केनौ र मेरो विरुद्धमा हिँड़िरह्यौ भने, २४ म पनि तिमीहरूका विरुद्धमा हुनेछु, र तिमीहरूका पापका लागि म सात गुणा तिमीहरूलाई प्रहार गर्नेछु। २५ म तिमीहरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको बदला म चुकाउनेछु। तिमीहरू आफ्नो-आफ्नो सहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु, अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ। २६ म तिमीहरूको अन्न यति साह्रो घटाइदिनेछु कि एउटै घरको चुलोमा दश घरका आइमाईहरूले पकाउनेछन्, अनि पकाएर भाग लगाउँदा यति थोरै हुनेछ कि कसैलाई पनि पुग्नेछैन। २७ " 'यी सब भएर पनि तिमीहरूले मेरा कुरा सुनेनौ र मेरो विरुद्धमा हिँड़िरह्यौ भने, २८ मेरो क्रोधमा म तिमीहरूका विरुद्ध जानेछु, र तिमीहरूका पापको लागि म तिमीहरूलाई सात गुणा दण्ड दिनेछु। २९ तिमीहरूले आफ्नै छोराछोरीहरूको मासु खानुपर्नेछ। ३० म तिमीहरूका डाँड़ाका थानहरू नाश गर्नेछु, म तिमीहरूका धूपका वेदीहरू भत्काउनेछु, र तिमीहरूका लाशहरू आफ्ना मृत मूर्तिहरूमाथि फालिदिनेछु, र म तिमीहरूलाई तिरस्कार गर्नेछु। ३१ म तिमीहरूका सहरहरू उजाड़ पार्नेछु, र तिमीहरूका

धर्म-स्थलहरू शून्य पारिदिनेछु, अनि म तिमीहरूका भेटीका मीठो बास्ना ग्रहण गर्नेछैनँ। ३२ म देशलाई नष्ट पार्नेछु। यी सब देखेर त्यहाँ बस्ने तिमीहरूका शत्रुहरू अवाक् हुनेछन्। ३३ मचाहिँ तिमीहरूलाई जाति-जातिहरूका बीचमा तितरबितर पारिदिनेछु, र नाङ्गो तरवार लिएर तिमीहरूलाई खेद्नेछु। तिमीहरूको देश सूनसान र तिमीहरूका सहरहरू उजाड़ हुनेछन्। ३४ सूनसान हुँदा देशले आफ्ना शबाथहरू भोग गर्न पाउनेछ र तिमीहरूचाहिँ आफ्ना शत्रुहरूका देशमा हुनेछौ, तब त्यसै समय देशले विश्राम लिएर आफ्ना शबाथहरू मनाउनेछ। ३५ जति दिन त्यो सूनसान रहन्छ भूमिले विश्राम पाउनेछ। तिमीहरू त्यहाँ रहँदा शबाथहरूमा नपाएको विश्राम त्यसले पाउनेछ।"

इस्राएलीहरूलाई दिएका ती आशिष र श्रामका वचनहरू त्यो भन्दा स्पष्ट अरू के होला?

**येशूभक्त भनेर हामी दावी गर्नेहरूले स्वर्ग र नयाँ पृथ्वीमा परमेश्वरले दिनुहुने भूमिको कबुलतिर हामी आशाका साथ हेरिरहेका छौं। जसरी संसारिक भूमि हिब्रू वा इस्राएलीहरूलाई दिने प्रतिज्ञा गरिएको थियो ती स्वर्ग र नयाँ पृथ्वीको भूमि पनि हामीलाई दिन प्रतिज्ञा गरिएको छ। फरक यतिमात्रै हो कि जब हामी त्यहाँ पुग्छौं तब त्यो हामीबाट गुमिनेछैन। हेर्नुहोस् "१३ "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। १४ उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन। १५ "म, दानिएल, आत्मामा बेचैन भएँ, र मैले पाएका दर्शनहरूले मलाई विचलित तुल्याए। १६ त्यहाँ उभिएकाहरूमध्ये एक जनाकहाँ म गएँ र यी सबै कुराको सत्य अर्थ बताउन अनुरोध गरें। "यसकारण उनले मलाई यी कुराको अर्थ बताइदिएः १७ 'चार ठूला पशुहरूचाहिँ पृथ्वीमा खड़ा हुने चार राज्यहरू हुन्। १८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन्– हो, सदासर्वदाको लागि'" (दानिएल ७:१३-१८)। फेरि त्यहाँ पुग्न हामीलाई पनि सर्तहरू राखिएको छ। विशेष गरेर मुक्ति भनेको विश्वास वा परमेश्वरमाथिको आस्थालेमात्र पाउने भन्ने सन्दर्भमा ती सर्तहरू तपाईंले कसरी बुझ्नुभएको छ?**

## ३. इस्राएल र करार

**"तर तिनीहरूले ध्यानसित सुनेनन्, अथवा मेरा कुरामा कान थापेनन्। त्यसको सट्टा तिनीहरू आफ्ना-आफ्नै दुष्ट हृदयको कल्पना वा हठीपनामा लागिरहे। करारका सबै भागहरू पालन गर्नू भनी मैले आज्ञा गरेको थिएँ, तर तिनीहरूले सो पालन गर्न इन्कार गरे। त्यसैले करारका सबै श्रापहरू मैले तिनीहरूमाथि ल्याएँ’" (यर्मिया ११:८ रूपान्तरित)।**

माथिको पद हेर्नुहोस्। "यस करारका सबै वचनहरू" तिनीहरूमाथि परमेश्वरले ल्याउनेछु भनेर उहाँले भन्नुभएको थियो। *तर ती वचनहरू असल थिएनन् तर खराब थिए!* करार भनेको केवल असलमात्र हामीलाई प्रदान गरिने भनेर हामी सोच्दछौं तर त्यसको अर्को पाटा पनि छ। यो नीति नोहाको मामिलामा हामी देख्दछौं। परमेश्वरले नोहालाई सत्यानाशबाट सुरक्षित राख्ने गजबको प्रतिज्ञा दिनुभएको थियो। तर परमेश्वरको अनुग्रहको पूरा उपभोग गर्न नोहाले उहाँको वचन पालन गर्नुपरेको थियो। यदि उनले पालन नगरेको भए करारको अर्को पाटा उनले व्यहोर्नुपर्दथ्यो।

**माथिको पदसँग उत्पत्ति ६:५ हेर्नुहोस्। जलप्रलयभन्दा अघिको संसार कस्तो थियो? माथिको पद र त्यसबेलाको समयको बीचमा के समानता छ? हाम्रो सोचबिचार क्रियाकलापलाई हामीले नियन्त्रण गर्नुपर्ने मामिलामा ती पदहरूले के भन्दछन्? हेर्नुहोस् उत्पत्ति ६:५ "पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो।"**

दुर्भाग्यवस, इस्राएल राष्ट्रको इतिहास प्रायजो धर्मभ्रष्ट वा परमेश्वरको बिरोधमा जाने स्वभावमा लागिरहेको हुँदा परमेश्वरले तिनीहरूमाथि उहाँको न्याय खन्याउनुभएको थियो। कहिलेकाहीँ तिनीहरूले पश्चाताप गरे र परमेश्वरतिर फेरि फर्केका थिए। राजा दाउद र राजा सोलोमनको समयमात्र केही हदसम्म प्रतिज्ञा गरिएको क्षेत्र पूर्णरुपमा इस्राएलले नियन्त्रणमा लिएको थियो।

परमेश्वरलाई विश्वास गर्नुबाट इस्राएल कस्तो भ्रष्ट भयो वा धर्मभ्रष्ट भयो सो यर्मियाका लेखेका पदहरूमा हेर्नुहोस्, "१ “यदि कुनै मानिसले आफ्नी पत्नीलाई त्याग्छ र त्यो स्त्री उदेखि छुट्टिएर अर्को मानिसकी पत्नी भई भने, के त्यो मानिसले फेरि त्यसकहाँ फर्केर जानुपर्ने? के त्यो देश बिलकुलै बिटुलो हुनेथिएन र? तर तँचाहिँ एउटी वेश्याझैं धेरैकहाँ गएकी छस्– र के तँ मकहाँ फर्केर आउँछेस्?” परमप्रभु भन्नुहुन्छ। २ “आफ्ना आँखा उठाएर नाङ्गा

डाँड़ाहरूमा हेर्। तिनीहरूमध्ये कुनचाहिँमा तैंले कुकर्म गरेकी छैनस् र? एउटा
अरबी मरुभूमिमा बसेझैं तँ आफ्ना प्रेमीहरूको प्रतीक्षामा बाटो हुँदो बसिस्।
तैंले देशलाई आफ्नो व्यभिचार र दुष्ट कर्मले बिटुलो पारेकी छस्। ३
यसैकारण झरी थामिएको छ, र बसन्तको वर्षा परेको छैन। तापनि तेरो रूप
निर्लज्ज वेश्याजस्तै छ। तँ लाजले रातो हुन इन्कार गर्छेस्। ४ के भर्खरै मात्र
तैंले मलाई यसरी पुकारिनस्, 'हे मेरा पिता, युवावस्थादेखि मेरा मित्र, ५ के
तपाईं सधैं रिसाइरहनुहुन्छ र? के तपाईंको क्रोध सधैंसम्म रहिरहन्छ?' तैंले त
यसरी कुरा गर्छेस्, तर तैंले सकेसम्म खराबी गर्छेस्।" ६ योशियाह राजाका
राजकालमा परमप्रभुले मलाई भन्नुभयो, "अविश्वासी इस्राएलले के गर्‍यो, के
तिमीले देखेको छौ? त्यो गएर हरेक डाँड़ामा र हरेक झ्याम्म परेको रूखमुनि
त्यसले व्यभिचार गरेकी छ। ७ त्यसले यी सबै काम गरेपछि मकहाँ फर्कन्छे
होला भनी मैले विचार गरेको थिएँ, र तर त्यो फर्किन, र त्यसकी विश्वासघाती
बहिनीले त्यो देखी। ८ त्यस अविश्वासी इस्राएलका सबै व्यभिचारको कारण
मैले त्यसलाई त्यागपत्र दिएर निकालिदिएँ। तापनि मैले हेरें, त्यसकी
विश्वासघाती बहिनी यहूदा डराइन, तर गएर त्यसले पनि वेश्यावृत्ति गरी। ९
वेश्यावृत्ति इस्राएलको निम्ति यति सजिलो कुरा भयो, कि त्यसले ढुङ्गा र
रूखसित व्यभिचार गरेर देशलाई बिटुलो पारी। १० यी सबै भए तापनि
त्यसकी विश्वासघाती बहिनी यहूदा, पूर्ण हृदयले त होइन, तर बाहिरी रूपले
मात्र मतिर फर्की," परमप्रभु भन्नुहुन्छ। ११ परमप्रभुले मलाई भन्नुभयो,
"अविश्वासी इस्राएल विश्वासघाती यहूदाभन्दा अझ धर्मी ठहरी। १२ जाऊ,
उत्तरमा गएर यो सन्देश प्रचार गर्: " 'हे अविश्वासी इस्राएल, तिमी फर्क,'
परमप्रभु भन्नुहुन्छ, 'आँखा तरेर म अब तिमीलाई हेर्नेछैनँ, किनभने म कृपालु
छु,' परमप्रभु भन्नुहुन्छ, 'म सधैं रीस गरिरहनेछैनँ। १३ केवल, तिमी, परमप्रभु
आफ्ना परमेश्वरको विरुद्धमा बागी भयौ, र हरेक झ्याम्म परेको रूखमुनि पराई
देवताहरूलाई तिम्रो निगाह देखायौ, र तिमीले मेरो आज्ञापालन गरिनौ भनी
आफ्नो दोष स्वीकार गर',” परमप्रभु भन्नुहुन्छ।

१४ "फर्क, अविश्वासी प्रजा हो," परमप्रभु भन्नुहुन्छ, "किनभने म
तिमीहरूको पति हुँ। म सहरबाट एक जनालाई र वंशबाट दुई जनालाई
छान्नेछु र तिमीहरूलाई सियोनमा ल्याउनेछु। १५ अनि मेरो हृदयले रुचाएका
गोठालाहरू म तिमीहरूलाई दिनेछु, जसले तिमीहरूलाई ज्ञान र बुद्धिसित
डोर्‍याउनेछन्। १६ ती दिनमा जब तिमीहरू देशमा खूब बढ़ेर फैलिनेछौ, तब
मानिसहरूले फेरि कहिल्यै 'परमप्रभुका करारको सन्दूक' भनी भन्नेछैनन्,"

परमप्रभु भन्नुहुन्छ। "त्यसको विचार तिनीहरूका मनमा आउनेछैन, त्यसको सम्झना नै हुनेछैन, त्यसको अनुपस्थितिको केही ख्याल रहनेछैन। त्योजस्तै अर्को फेरि कहिल्यै बनाइनेछैन। १७ त्यस बेला यरूशलेम 'परमप्रभुको सिंहासन' भनिनेछ, र सबै जातिहरू परमप्रभुको नाउँलाई महिमा दिन यरूशलेममा भेला हुनेछन्। हठी भएर आफ्ना मनका दुष्ट कुराहरूमा तिनीहरू फेरि कहिल्यै लाग्नेछैनन्। १८ ती दिनमा यहूदाका घराना इस्राएलका घरानासित मिल्नेछ, र मैले तिमीहरूका पिता-पुर्खाहरूलाई उत्तराधिकार स्वरूप दिएको देशमा तिनीहरू उत्तरको देशदेखि एकैसाथ आउनेछन्। १९ "म आफैले भनें, 'कति खुशीसित आफ्ना छोराहरूजस्तै तिमीहरूसँग व्यवहार गर्नेथिएँ र एउटा सुन्दर देश, जातिहरूमा सबैभन्दा मनपर्दो पैतृक-सम्पत्ति तिमीहरूलाई दिनेथिएँ। अनि मैले विचार गरेको थिएँ, कि तिमीहरूले मलाई 'पिता' भनी पुकार्नेछौ र मलाई पछ्याउनदेखि फर्केर जानेछैनौ। २० तर जसरी एक विश्‍वासघाती पत्नीले आफ्नो लोग्नेलाई त्याग्छे, त्यसरी नै तिमीहरू पनि मप्रति विश्‍वासघाती भएका छौ, हे इस्राएलका घराना हो," परमप्रभु भन्नुहुन्छ" (यर्मिया ३:१-२० रूपान्तरित)।

माथिका पदहरूले पहिला नै हामीले के भनेका थियौं त्यसलाई याद दिलाउँछः परमेश्‍वरले हामीसँग गर्नुभएको करार कुनै कानुनी समहमतमात्र होइन जसमा आफूहरूको हितको निम्ति देखावटीरूपमा भएपनि मञ्जुर गर्दछ। परमेश्‍वरको करारको मामिलामा उहाँसँग सक्रिय सम्बन्ध राखिरहन समर्पणताको आवश्यक छ जुन गम्भिर र पवित्र वैवाहिक सम्बन्ध जस्तै हो। त्यसैकारण परमेश्‍वरले आफूलाई इस्राएलीहरूको पति भनेर बारम्बार चित्रण गर्नुभएको हामी पाउँछौं।

बाइबलमा के भन्न खोजिएको छ भने इस्राएलीहरू परमेश्‍वरबाट भ्रष्ट हुने कुराको जग उहाँको आज्ञा नमान्नेमा रहेको नभएर उहाँसँगको व्यक्तिगत सम्बन्धलाई टुटाउनु हो। त्यसैले गर्दा तिनीहरू परमेश्‍वरको आज्ञा अनुसार चल्न राजि भएनन् र जसको फलस्वरुप तिनीहरूमाथि आफैले दण्ड थुपारेको थियो।

**जो पनि "म इसाई हुँ" भनेर दावी गर्छन् उसले परमेश्‍वरसँगको व्यक्तिगत सम्बन्ध भइरहनु किन निर्णायक तत्व हो? यदि हाम्रो सम्बन्ध परमेश्‍वरसँग ठीक भएन भने पाप र अनाज्ञाकारितामा हामी फस्न किन सजिलो हुन जान्छ? फेरि त्यसै वखत तपाईंलाई कसैले यो प्रश्‍न सोध्यो भने कसरी**

जवाफ दिनुहुन्छः "परमेश्वरसँग गहिरो र प्रेमिलो सम्बन्धको बिकास मैले कसरी गर्ने?"

## ४. बाँकि सन्तान वा बचेखुचेका जनहरू

परमेश्वरप्रतिको आस्थामा भ्रष्ट भइरहने, परमेश्वरले तिनीहरूको न्याय वा दण्ड दिइरहने र पश्चातापको घट्नाचक्र घुमिरहनेभएतापनि तिनीहरूको बीचमा आशाको किरण चटक्कै छोडेको छैन भनेर देहायका पदहरूले कसरी बताउँदछ? हेर्नुहोस्ः

यशैया ४ः२-६ "२ त्यो दिन परमप्रभुको हाँगा फलदायक र महिमित हुनेछ, र इस्राएलका बाँचेकाहरूका निम्ति जमिनको फल गर्व र गौरवको हुनेछ।
३ सियोनमा छोड़िएका र यरूशलेममा बाँकी रहेकाहरू, अर्थात् यरूशलेममा बस्नेहरू भनी दर्ता भएकाहरू पवित्र कहलाइनेछन्। ४ परमप्रभुले सियोनका स्त्रीहरूको मैला धुनुहुनेछ, र उहाँले इन्साफको आत्मा र आगोको आत्माद्वारा यरूशलेमबाट रगतका दाग शुद्ध गर्नुहुनेछ। ५ अनि परमप्रभुले सियोन पर्वतमाथि र त्यहाँ भेला हुनेहरूमाथि दिउँसो धूवाँको बादल र राती प्रज्वलित आगोको चमक सृष्टि गर्नुहुनेछ। सबैमाथि महिमा एउटा छत्र हुनेछ। ६ दिनको गर्मीबाट जोगाउने शरण र छाया तथा आँधीबेहरी र वर्षाबाट जोगाउने एउटा आश्रय र लुक्ने ठाउँ त्यो हुनेछ।"मीका ४ः६,७ "६ परमप्रभु घोषणा गर्नुहुन्छ, "त्यस दिन म लङ्गड़ाहरूलाई जम्मा गर्नेछु, अनि निर्वासितहरूलाई र जसलाई मैले शोकमा पारेको थिएँ, तिनीहरूलाई म भेला गर्नेछु। ७ लङ्गड़ाहरूलाई एउटा बाँकी भाग र टाढ़ा खेदिएकाहरूलाई एउटा सामर्थी जाति बनाउनेछु। परमप्रभुले तिनीहरूमाथि सियोन पर्वतमा त्यस दिनदेखि उसो सदासर्वदै राज्य गर्नुहुनेछ।"सपन्याह ३ः१२,१३ "१२ तर तेरो बीचमा म दीन र नम्रहरूलाई छोड़िराख्नेछु, जसले परमप्रभुको नाउँमा भरोसा गर्छन्। १३ इस्राएलका बाँकी रहेकाहरूले कुनै गल्ती गर्नेछैनन्। तिनीहरूले झूट बोल्नेछैनन्, न तिनीहरूका मुखमा छल पाइनेछ। तिनीहरू खानेछन् र पल्टेर बस्नेछन्, र कसैले तिनीहरूलाई भयभीत तुल्याउनेछैन।"

पौराणिक इस्राएलका मानिसहरूले परमेश्वरका आज्ञाहरू नमानेर उहाँको योजना बिग्रिन गएतापनि त्यो पूरै असफल हुने नै छ भन्ने थिएन। झारपातहरूको बीचमा पनि केही फूलहरू उम्रेको हामी देख्छौं। पुरानो करारका धेरै अगमवक्ताहरूले परमेश्वरमा आस्था राखिरहने थोरैमात्र भएतापनि

बाँकि वा बचेखुचेका जनहरू हुनेछन् जसलाई परमेश्वरले फूलको मनमोहक गुच्छा बनाउन जम्मा गर्नुहुनेछ।

परमेश्वरका आस्थावान र निष्ठावान बाँकि, बचेखुचेका वा अवशेष जनहरूको सृजना भइरहने लक्ष्य सारा इस्राएललाई चुनिएको कारण जस्तै हुनेछ। राष्ट्र राष्ट्रमा वा जाति जातिमा परमेश्वरको महिमाको घोषणा (यशैया ६६:१९) गर्न तिनीहरूलाई परमेश्वरले नै नियुक्त गर्नुभएको थियो र तिनीहरू नै उहाँको साधन भएर उहाँलाई प्रयोग गर्न दिनु थियो। त्यसको अर्थ परमेश्वरका ती बिश्वासिलो, निष्ठावान जनहरुसँग अरूहरु मिलेर परमप्रभु परमेश्वर राजा र सारा जगतको प्रभुको आराधना गर्ने योजना थियो (जकरिया १४:१६ रूपान्तरित)। त्यसकारण इस्राएलको परिस्थिति जतिसुकै नाजुक वा गिर्दो अवस्था भएतापनि परमेश्वरका केही निष्ठावान जनहरू सधैं भइरहने परमेश्वरको प्रतिवद्धता छ। परमेश्वरका चुनिएका जनहरू भनेर दाविगरिएकाहरूमा जतिपनि विश्वास तथा आस्थामा भ्रष्ट भएतापनि तिनीहरूको बीचमा कोही न कोही बाँकि रहनेछन् जो आफूहरूलाई परमेश्वरले बोलाउनुभएको र चुन्नुभएको भनेर निश्चित भएर बस्नेछन् (२ पत्रुस १:१०)। त्यसको अर्थ सारा राष्ट्र नै असफल किन नहोस् तिनीहरूको बीचमा केही जनहरू हुनेछन् जसले परमेश्वरसँग कबुल गरिएको करारमा एकवद्ध भएर बस्नेछन्। उदाहरणमा हेर्नुहोस् "११ परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ।"

तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैंचालो आयो, तर भैंचालोमा परमप्रभु हुनुहुन्नथ्यो। १२ भैंचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो। १३ जब एलियाले त्यो सुने तब तिनले आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर ओड़ारको मुखमा उभिए। तब एउटा आवाजले तिनलाई भन्यो, "एलिया, तिमी यहाँ के गर्दैछौ?" १४ तिनले जवाफ दिए, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करारलाई त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्र बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।" १५ परमप्रभुले तिनलाई भन्नुभयो, "तिमी जुन बाटो आएका छौ, त्यही बाटो फर्किगएर

दमस्कसको मरुभूमिमा जाऊ। जब तिमी त्यहाँ पुग्छौ तब हजाएललाई अरामको राजा अभिषेक गर्। १६ तब निम्शीको छोरो येहूलाई पनि इस्राएलको राजा, र हाबिलमहोलाको शाफातको छोरो एलीशालाई तिमीपछि आउने अगमवक्ता अभिषेक गर्। १७ हजाएलको तरवारबाट उम्कनेलाई येहूले मार्नेछ, र येहूको तरवारबाट उम्कनेलाई एलीशाले मार्नेछ। १८ तापनि सात हजार जनालाई म इस्राएलमा बचाइराख्छु– ती सबै जसले बालको सामुन्ने आफ्ना घुँडा टेकेका छैनन् र जसका ओठले त्यसलाई चुम्बन गरेका छैनन्" (१ राजाहरू १९:११-१८ रूपान्तरित)।

परमेश्वरका बफादार अवशेष विश्वासीहरू तिनीहरूको देशसँगै तिनीहरू पनि कष्ट भोग्नु परेतापनि (जस्तै इस्राएलबाट निर्वासन हुनुपर्ने दानिएल जस्ता परमेश्वरको भक्तहरू) करारको कबुलको अन्तिम र मौलिक वा चरम उपभोग गर्ने तिनीहरू नै हुनेछन् अर्थात् तिनीहरूले अनन्त जीवन पाउनेछन्।

**यूहन्ना १०:२७,२८ पढ्नुहोस्। यहाँ येशूले के भनिरहनुभएको छ? उहाँको वचन र त्यहाँ उल्लेख गरिएका प्रतिज्ञाहरूलाई पौराणिक इस्राएलको भ्रष्ट धार्मिक जीवनलाई प्रयोग गर्नुहोस्। ती वचनहरूले परमेश्वरप्रति निष्ठावान र आस्थावान हुनेहरू थोरै भएपनि बाँकि रहनेछन् भनेर तिनीहरूको अस्तित्वलाई कसरी येशूले व्याख्या गर्न खोज्नुभएको छ? हेर्नुहोस् "२७ "मेरा भेड़ाहरूले मेरो सोर सुन्छन्, र तिनीहरूलाई म चिन्छु, र तिनीहरू मेरो पछि आउँछन्। २८ तिनीहरूलाई म अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्, र कसैले तिनीहरूलाई मेरो हातबाट खोसी लैजानेछैन" (यूहन्ना १०:२७-२८)।**

आफ्नो स्थानीय चर्चका अगुवा तथा विश्वासीहरूको बीचमा पाप, पथभ्रष्ट र पाखण्डीपना देखेर निराश भएर एक जना युवतीले आफ्नो विश्वास नै केही वर्ष अघि गुमाएकी थिइन्। "तिनीहरू इसाई हौं भनेर दावी गरेतापनि तिनीहरू खास गरेर इसाई थिएनन्" उनले भनिन्। आफ्नो विश्वास तथा परमेश्वरको आस्थामा हिँड्छु भनेर बप्तिस्माको बेलामा शपथ लिएकी त्यस युवतीले त्यसलाई त्याग्ने बहाना अरूहरूको आस्थालाई हेरेकी थिइन्। यस बुँदामा अध्ययन गरेको आधारमा उनको त्यो बहाना किन औचित्यहिन भएको तपाईंले देख्न सक्नुहुन्छ?

## ५. आत्मिक इस्राएल

पौराणिक इस्राएलका जनहरूले जतिसुकै गल्ती गरेतापनि वा असफल भएतापनि आफूलाई सेवा गर्न केही निष्ठावान, बफादार र आस्थावान जनहरू

सृजना गर्ने योजनालाई परमेश्वरले रोक्नुभएको थिएन। अझ भन्ने हो भने पुरानो कराररले त्यस समयको अपेक्षा गरिरहेको थियो जब परमेश्वरले आत्मिक इस्राएलको सृजना गर्नुहुनेछ। त्यस आत्मिक इस्राएलमा दुवै यहूदी र अयहूदीहरू हुनेछन् जो परमेश्वरका बफादार, आस्थावान र निष्ठावान विश्वासीहरूको समूह हो। तिनीहरूले नै विश्वमा सुसमाचार फैलाउने काम गरिनेभएको थियो। त्यो हो सुरूको चर्च।

गलाती ३:२६-२९ पढ्नुहोस् **"२६ किनकि विश्वासद्वारा तिमीहरू सबै ख्रीष्ट येशूमा परमेश्वरका सन्तान हौ। २७ किनकि तिमीहरूमध्ये जतिको ख्रीष्टमा बप्तिस्मा भयो, तिमीहरू सबैले ख्रीष्टलाई धारण गरेका छौ। २८ अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हौ। २९ यदि तिमीहरू ख्रीष्टका हौ भनेता तिमीहरू अब्राहामका सन्तान हौ, र प्रतिज्ञाबमोजिम उत्तराधिकारीहरू हौ।"**

**क. पद ९मा पावलले के प्रतिज्ञाको बारेमा चर्चा गरिरहेका थिए?**

**ख. कोही व्यक्ति ती प्रतिज्ञाहरूका हकदार हुन के मूल तत्वको आवश्यकता छ? पद २६।**

**ग. लिङ्ग, जातियता वा राष्ट्रियता र सामाजिक स्तरलाई पावलले किन औंल्याउँछन्?**

**घ. येशू ख्रीष्टमा एक हुनु भनेको के हो?**

**ङ. रोमी ४:१६,१७ पढ्नुहोस्। पावलले गलाती ३:२६-२९मा व्यक्त गरिएका वचनहरूलाई रोमीका ती पदहरूले हामीलाई बुझाउन कसरी मद्दत गर्दछ? हेर्नुहोस्, "१६ त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरूका निम्ति पक्का होस्। यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरूका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरूका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन्। १७ जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ।"**

अब्राहमको सन्तान भएको हैशियतले येशू ख्रीष्ट करारका प्रतिज्ञाहरूको हकदार हुनुभएको विशेष अर्थमा लिन सकिन्छ। जब हामी बप्तिस्मा लिन्छौं

तब हामी येशू ख्रीष्टमा नातेदार हुन पुग्छौं र अब्राहमलाई दिएका प्रतिज्ञाहरूमा सहभागि हुने अधिकार हामी प्राप्त गर्छौं। तसर्थ, अब्राहमलाई परमेश्वरले गर्नुभएको प्रतिज्ञा येशू ख्रीष्टमा पाइन्छ र उनलाई गरेका प्रतिज्ञाहरू हाम्रो हुन जान्छ। तर हाम्रो राष्ट्रियता, जातियता वा लिङ्गको कारणले होइन तर अनुग्रहद्वारा जुन हामीलाई हाम्रो विश्वासद्वारा परमेश्वरले खनाउनुहुन्छ।

"अब्राहम र उनका सन्तानलाई दिने उपहार केवल कनानको भूमिमात्र होइन तर सारा पृथ्वी नै समावेश भएको छ। पावल प्रेरितले यही भन्दछन्, "संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो" (रोमी ४:१३)। जुन प्रतिज्ञा अब्राहमलाई दिइएको थियो त्यो येशू ख्रीष्टद्वारा पूरा भयो भनेर बाइबलले स्पष्टरूपमा सिकाउँदछ।...स्वर्गमा तिमीहरूका (येशूमाथि विश्वास राख्नेहरूको निम्ति) साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्" (१ पत्रुस १:४)।–र त्यो त्यस्तो किसिमको पृथ्वी हो जुन पापको श्रापबाट स्वतन्त्र हुन्छ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १७०बाट रूपान्तरित। यो प्रतिज्ञा त्यसबेला पूरा हुनेछ जब सन्तहरू नयाँ पृथ्वीमा सदा सदाको निम्ति येशूसँग रहनेछन् (दानिएल ७:२७)।

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित प्रोफेटस एण्ड किङ्गसको पृ. १५-२२को "द भिनियार्ड अभ द लर्ड, पृ. ३६७-३७८को "होप फर द हिथन" र पृ. ७०३-७२१को "द हाउस अभ इस्राएल।"**

"राष्ट्रियता, जाति, जात जस्ता मानिस मानिसको बीचमा विभाजन ल्याउने तत्वहरूलाई परमेश्वरले मान्यता गर्नुहुन्न। उहाँ समस्त मानव प्राणीको सृजनहार हुनुहुन्छ। परमेश्वरकै हातबाट सृष्टि भएको हैशियतले सबै मानिसहरू एकै परिवार हुन्। येशूले मुक्ति दिनुभएकोले तिनीहरू एक हुन पुगिएको छ। मानिस मानिसको बीचमा बिभाजन ल्याउने प्रत्येक पर्खाललाई उहाँले भत्काउनुभएको छ। पवित्र मन्दिरको परिसरमा रहेका यहूदी र अयहूदीलाई छुट्याउने प्रत्येक खण्डलाई उहाँले फ्याँकि दिनुभएको छ। उहाँ चाहनुहुन्छ प्रत्येक मानिस परमेश्वरकहाँ स्वतन्त्ररूपमा खुलादिलले आउन सकोस्। उहाँको प्रेम यस्तो फराकिलो, गहिरो र पूरा छ कि त्यो सबैतिर छेड्दछ। सैतानको धोखा, चालबाजी र छलको प्रभावबाट अलमलिरहेका प्रत्येक

प्राणीलाई येशूको प्रेमले उचाल्दछ। तिनीहरूलाई परमेश्वरको सिहाँसनको पहुँचसम्म उहाँले राखिदिनुहुन्छ, जुन सिहाँसन प्रतिज्ञाको इन्द्रेनीले घेरिरहेको छ। येशू ख्रीष्टमा न त यहूदी न त ग्रीक वा अन्य जाति न त दास न त मालिक-सबै जना समान छन्।"-एलेन जी ह्वाइट, प्रोफेटस एण्ड किङ्गस, पृ. ३६९,३७०बाट रूपान्तरित।

पत्रुसले चर्चलाई चारवटा नाउँहरूले सम्बोधन गर्दछन्। हेर्नुहोस्, १ पत्रुस २:९,१० "९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।" प्रायजसो ती नाउँहरू पुरानो करारको इस्राएललाई सम्बोधन गरिएको प्रतिबिम्बित गर्दछः प्रस्थान १९:६ "तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तिमीले भन्नुपर्ने कुरा यी नै हुन्।" र यशैया ४३:२०,२१ "२० जङ्गली जनावरहरू, स्यालहरू र लाटोकोसेराहरूले मेरो इज्जत गर्छन्, किनभने म मेरा मानिसहरू, मेरा चुनिएकाहरूलाई पिउनका निम्ति मरुभूमिमा पानी अनि रूखो जमिनमा खोलाहरू दिन्छु, २१ त्यस जातिलाई, जसलाई मेरो प्रशंसाको घोषणा गरून् भनेर मेरो निम्ति मैले बनाएँ।" परमेश्वर र चर्चसँगको सम्बन्धमा ती नाउँहरूले कसरी परिभाषित गरेको छ? (उदाहरणमा "चुनिएका जाति वा राष्ट्र" भन्नाले परमेश्वरले चर्चलाई चुन्नुभएको छ र त्यसको विशेष लक्ष्य छ)।

**चिन्तनमननः**

अ. **पौराणिक इस्राएलमा पुजाहारीले पशु बलिहरू दिन्थे जसले मसीहलाई औंल्याइएको थियो। चर्चका सदस्यहरू परमेश्वरका शाही पुजारीहरू भएको हैशियतले के "बलिहरू" दिनुपर्छ? हेर्नुहोस् १ पत्रुस २:५ "तिमीहरू पनि येशू ख्रीष्टद्वारा परमेश्वरको दृष्टिमा ग्रहणयोग्य आत्मिक बलिदान चढ़ाउने पवित्र पूजाहारीगिरीको निम्ति जीवित पत्थरहरूझैं आत्मिक घर बन्दैजाओ।"**

आ. **परमेश्वरका छुट्टै चिनारि बोकेका पवित्र जाति वा राष्ट्रहोस भनेर इस्राएलीहरूलाई संसारबाट अलग गर्नुभएको थियो। तिनीहरूले**

संसारमा मुक्तिको योजनाका सत्यहरू फैलाउनुपर्थ्यो। आजको चर्चको उद्देश्य पनि त्यही हो। संसारबाट अलग हुने फेरि त्यसै बखत संसारमा सुसमाचार फैलाउने काम कसरी सम्बभ हुन सक्छ? इस्राएलीहरूको अनुभव र येशूको उदाहरणले हामीलाई त्यस प्रश्नको जवाफ दिन सहयोग गर्दछ?

इ. पौराणिक इस्राएलमा राजा होस्, शासक होस्, पुजारी होस् वा सर्बसाधारण जनता होस् भ्रष्ट संस्कारमा लागेतापनि परमेश्वरले जहिले पनि कोही न कोही उहाँप्रति निष्ठावान, आस्थावान, बफादारी मानिसहरू साँचि राख्नुभएको पाउँछौं। उदाहरणमा एलिया र उनको समयमा बचेखुचेका जनहरूको बारेमा सोच्नुहोस् (१ राजा १९ विशेष गरेर पद १८)। चर्चलाई धोखा दिने, विश्वासीहरू एक आपसमा गद्दारी गर्ने, चर्चदेखि विरक्त भएर बस्ने चर्चको परिवारसँगभन्दा सांसारिक मानिसहरूको बीचमा परमेश्वरप्रति बफादार हुन किन सजिलो छ?

**सारांशः** चाहे क्रुसको अघि होस् वा पछि होस् परमेश्वरको सत्य इस्राएल भनेको परमेश्वरमाथि विश्वास, आस्था र निष्ठामा रहेर उहाँसँग आत्मिक र करारको सम्बन्धमा रहिरहने हुन्। यस्ता विश्वासीहरू उहाँका प्रतिनिधि भएर काम गर्दछन्। संसारको सामु तिनीहरू अनुग्रहद्वारा मुक्ति पाउने सुसमाचारलाई फैलाउन तम्सिएका हुन्छन्।

## कथा ६

## बिच्छिको मरसान्न टोकाइ

## कार्लोस रियज, ३९, र लुज मुरिलो, ३४, कोलोम्बिया

बेलुका ७ बजेको थियो। पास्टर कार्लोस् र उनकी श्रीमती लुज सुत्न तरखरमा लाग्दै थिए। कतिले भन्ला ७बजे बेलुका सुत्नु धेरै छिटो हो। तर पास्टर कार्लोस र उनकी श्रीमती कोलम्बिया देशको दुर्गम पहाडहरूको एउटा गाउँमा सुसमाचार प्रचार गर्न रहेका थिए। त्यहाँका जनजातिहरूलाई एम्बेरा भनिन्छ। त्यहाँका पहाडहरूमा बसेका मानिसहरू सबै जना छिट्टै सुत्दछन्।

अचानक कसैले कोलाहल गरेको स्वरले त्यो रात डगमगियो। कसैले पास्टरको ढोकामा घचघच्याउँदै बोलाइरहेको थियो। "पास्टर! पास्टर! बाहिर आउनुहोस्! बाहिर आउनुहोस्!" एक जना महिला कराउँदै थिइन्। लुजले ढोक खोलिन्। बाहिर उनको चर्चको एक जना सदस्य कान्डिडा उभिरहेकी थिइन्। "एउटा बच्चालाई बिच्छीले टोक्यो!" कान्डिडा डरले छटपटीएकी थिइन् भनेर उनको आँखाले देखाएको थियो। पास्टर कार्लोस र लुज छिटोछिटो लुगा लगाए। पास्टर कार्लोसले टर्चलाइट हातमा लिए, लुज जो नर्स थिइन् हतपत्त भान्सामा गएर ताजा लसुन लिइन्, एक सिसी पानी र केही झोल राखेर पिउने सानो सिसी लिइन्। क्यान्डिडाले पास्टर र उनकी श्रीमतीलाई बच्चाको घरतिर हतार हतारमा लागे। तीनै जना अन्धकारमा तिनीहरू हिंडे। सर्प र बिच्छीहरू घाँसमा घुमिरहेको हुनसक्थ्यो। जब बच्चाको घरमा तिनीहरू आइपुगे तब त्यहाँ आमा र एक वर्षको बच्चामात्रै घरमा थिए। बाबुचाहिँ धामी बोलाउन गएका थिए। आमाले बच्चालाई काखमा बसिरहेको थियो। बच्चाको शरीर बैजनी रङ्गले छोपिरहेको थियो र एकदम पीडाले कामीरहेको थियो। "मैले झोलुङ्गोमा सुत्न बच्चालाई राखेको थिएँ। त्यसमा बिच्छी थियो भनेर मलाई थाहा थिएन," आमाले रुँदै भनिन्। " अनि बच्चा चिच्यायो। मैले उसलाई उठाउँदा त त्यहाँ मैले बिच्छि देखें।" उनले भुईंमा मरिरहेको बिच्छीलाई देखाइन्। उनले त्यसलाई जुत्ताले मारेकी थिइन्। लुजले आमाको काखबाट बच्चा लिइन् र टोकेको घाऊ हेरिन्। उनको आफ्नो निधारलाई खुम्च्याइन्। त्यो बालक मर्दै थियो। "प्रार्थना गरौं," भनेर उनले भनिन्। रातो भएको बच्चालाई हातमा लिएर आमाले पनि घुँडा टेकिन्। पास्टर कार्लोस, लुज र कान्डिडा आमासँगै हात समातेर प्रार्थना गरे। "प्रभु, तपाईंको शक्ति छ,

तपाईंलेमात्र यस बच्चालाई निको पार्न सक्नुहुन्छ," पास्टर कार्लोसले प्रार्थना गरे। लुजले बच्चाको घाऊ धोइन् र लसुनलाई पिधेंर बच्चाको घाऊमा लगाइ दिइन्। अनि लेदो पारेको लसुनसँग खाने पानी मिसाइन् र सानो सिसीमा राखेर बच्चाको मुखमा राखिन्। त्यसपछि कार्लोसले फेरि प्रार्थना गरे। उनी र लुजले घाऊलाई पखाल्दै लसुनको लेप लगाउँदै एक घन्टासम्म प्रार्थना पनि गर्दै बच्चाको स्याहार गरे। बिस्तारै बच्चाको कम्पन कम हुन थाल्यो र उसको रातो छाला स्वस्थ गुलाफी रङ्गमा परिणत हुन थाल्यो। "तपाईंले बच्चालाई स्याहार गर्न सक्नुहुन्छ अहिले" बच्चालाई आमाको काखमा राख्दै लुजले भनिन्। बच्चालाई आमाले काखमा लिइन् र दुध चुसाउन थालिन्। परिवारलाई धामीको आवश्यकता भएन। जगतको परमेश्वर धेरै शक्तिशाली भएको देखाउनुभएको थियो। पास्टर कार्लोसले अन्तिम पटक प्रार्थना गरे। त्यो प्रार्थना आनन्दसाथ धन्यवादको प्रार्थना थियो। "प्रभु हाम्रो प्रार्थनाको जवाफ दिनुभएकोमा तपाईंलाई धन्यवाद छ। यस परिवारको हृदयमा तपाईं छुनुहोस् भनि हामी प्रार्थना गर्छौं ताकि तपाईं सत्य परमेश्वर हुनुहुन्छ भन र तिनीहरूले जानुन्।"